नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

फोन नं. : ५३४७९१२
५३४३९३९

पत्र संख्या: २०८२/०८३
च.नं. :

बबरमहल
काठमाडौं, नेपाल।

मितिः २०८२।०५।२२
ने.सं. ११४५, ञलाथ्व

## प्रेस विज्ञप्ति

सञ्चारकर्मी मित्रहरू:

नेपालको संविधान, २०७२ को धारा ४४ मा उपभोक्ताको हक सम्बन्धी व्यवस्था छ। जसमा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने र गुणस्तरहीन वस्तु वा सेवाबाट क्षती पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था रहेको छ।

गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा संवर्द्धन गर्न उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानी नोक्सानी बापत क्षतिपूर्ति उपलब्ध गराउन उपभोक्ता संरक्षण ऐन, २०७५ कार्यान्वयनमा रहेको छ।

### उपभोक्ता संरक्षण परिषद्को ५ औं बैठकका निर्णयहरू:

उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २२ मा उपभोक्ता संरक्षण परिषद् सम्बन्धी व्यवस्था छ। माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीको अध्यक्षतमा रहने सो परिषद्को ५ औं बैठक २०८२ साल भदौ ११ गते बसेको थियो। सो बैठकमा भएका निर्णयहरू देहाय बमोजिम रहेका छन:

- उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १३ बमोजिम **बजारका तह निर्धारण** गर्न, दफा २१ बमोजिम **वस्तु तथा सेवाको मूल्यको मापदण्ड निर्धारण** गर्न र वाणिज्य तथा आपूर्तिको क्षेत्रसंग सम्बन्धित **नीतिगत व्यवस्थामा गरिनुपर्ने समसामयिक सुधारका सम्बन्धमा प्रतिवेदन** पेश गर्न विभागका **महानिर्देशको** संयोजकत्वमा निजी क्षेत्र र सरोकारवाला निकायको सहभागिता रहने गरी समिति गठन गर्ने।
- **बजार अनुगमन सम्बन्धी कार्ययोजना केन्द्रीय बजार अनुगमन समितिबाट स्वीकृत गरी कार्यान्वनय गर्ने। चाडपर्व लक्षित बजार अनुगमनलाई तिव्रता दिने।**
- प्रदेश, स्थानीय तह र संघीय इकाइहरूसंगको सहकार्य र प्रभावकारीता बढाउन देहाय बमोजिम गर्नेः
  - ऐनको दफा २७ बमोजिम गठित **प्रदेश बजार अनुगमन समितिहरूलाई उपभोक्ता संरक्षणका कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्न लेखी पठाउने**।
  - ऐनको दफा २८ बमोजिम गठित **स्थानीय बजार अनुगमन समितिहरूलाई स्थानीय तहमा दर्ता भएका र स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने वस्तु तथा सेवाको नियमन व्यवस्थालाई प्रभावकारी बनाउन लेखी पठाउने।**
  - संस्थागत विद्यालय र शैक्षिक परामर्श केन्द्रहरूको अनुगमनका क्रममा देखिएका कैफियतहरूको सुधारका लागि देहाय बमोजिम गर्नेः
    - मातहत निकाय मार्फत नियमन र अनुगमनको व्यवस्था मिलाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा लेखी पठाउने।

- आफ्नो क्षेत्राधिकारका विषयमा प्रचलित कानूनको कार्यान्वयन तथा प्रभावकारी अनुगमनका लागि प्रदेश तहमा लेखी पठाउने।
- स्थानीय तहको क्षेत्राधिकारको विषयमा प्रचलित कानूनको कार्यान्वयन तथा प्रभावकारी अनुगमनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहहरूमा लेखी पठाउने।

- बिल बिजक लिने दिने विषयलाई व्यवस्थितरूपमा कार्यान्वयन गर्न बिक्री काउण्टरमा अनलाईन प्रणालीमा आधारित DIGITAL CASH REGISTER राख्ने व्यवस्था मिलाउन अर्थ मन्त्रालयमा अनुरोध गर्ने।
- उपभोक्ता संरक्षण सम्बन्धी लोककल्याणकारी सूचना तथा विज्ञापन प्रकाशन र प्रसारण गर्न विषयवस्तु सहित सूचना तथा सञ्चार प्रविधि मन्त्रालय मार्फत विज्ञापन बोर्डलाई अनुरोध गर्ने।
- गुणस्तर तथा नापतौल सम्बन्धी अनियमितता नियन्त्रण गर्न र बढी कारोबार हुने वस्तुहरूको नेपाल गुणस्तर मापदण्ड तत्काल निर्धारण गरी कार्यान्वयन गर्न गराउन तथा निर्धारण भएका गुणस्तर कार्यान्वयनलाई अनिवार्य गर्न नेपाल गुणस्तर तथा नापतौल विभागलाई निर्देशन दिने।
- दुग्ध पदार्थ, माछा, मासु, तरकारी, फलफूल, पानी तथा अन्य खाद्य वस्तुमा हुन सक्ने विषादी र अखाद्य वस्तुको मिसावट लगायतको अवाञ्छित गतिविधिलाई नियन्त्रण गर्न कृषि तथा पशुपक्षी विकास मन्त्रालय अन्तर्गतको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई निर्देशन दिने।
- आसन्न चाडपर्वको समय समेत दृष्टिगत गरी यात्रुहरूको सहज एवं सुरक्षित आवागमनका लागि सार्वजनिक हवाई यातायात तथा सडक यातायात सुरक्षित सहज सुलभ एवं प्रभावकारी रूपमा सञ्चालन गर्न गराउन सम्बन्धित नियामक निकायलाई अनुरोध गर्ने।
- उपभोक्ता शिक्षा तथा सचेतना कार्यक्रमहरू संघ, प्रदेश र स्थानीय तहहरू मार्फत सञ्चालन गर्ने।

## केन्द्रीय बजार अनुगमन समितिको बैठकका निर्णयहरूः

उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २५ मा केन्द्रीय बजार अनुगमन समिति सम्बन्धी व्यवस्था छ। उद्योग, वाणिज्य तथा आपूर्ति सचिवको अध्यक्षतमा रहने सो परिषद्को बैठक २०८२ साल भदौ १८ गते बसेको थियो। सो बैठकमा भएका निर्णयहरू देहाय बमोजिम रहेका छनः

- विषयक्षेत्र, अनुगमनका मुल विषय, जिम्मेवार निकाय, सहयोगी निकाय, उपलब्धी समेटी बजार अनुगमनको कार्ययोजना स्वीकृत गरिएको।
- बजार अनुगमन गर्ने निकायहरू विचमा सहकार्य गरी नियमित र आकस्मिक रूपमा बजार अनुगमन गर्ने।
- उपभोक्ता शिक्षा तथा सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने।
- चाडपर्व लक्षित बजार अनुगमनलाई प्रभावकारी बनाउने।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

फोन नं. : ५३४७९१२
५३४३९३९

पत्र संख्या: २०८२/०८३
च.नं. :

बबरमहल
काठमाडौं, नेपाल।

<u>२०८२ श्रावण र भाद्र २० गते सम्मको बजार अनुगमनको तथ्याङ्क:</u>

जम्मा अनुगमन फर्म/कम्पनी/उद्योग संख्या: ६५० वटा

जरिवाना फर्म/कम्पनी/उद्योग संख्या: १२६ वटा, जरिवाना रकमः असी लाख पैंसट्ठी हजार एक सय रुपैया मात्र।

कागजात सहित उपस्थित हुन निर्देशनः २२० वटा

सामान्य निर्देशनः ३०४ वटा

<u>आपूर्ति व्यवस्थापनः</u>

यस महिनामा आपूर्ति व्यवस्थापन सम्बन्धमा सरोकारवालाहरूसंग छलफल तथा अन्तरक्रिया गरिएको।

- बजारमा खाद्य पदार्थको आपूर्ति, मूल्य वृद्धि लगायतका विषयमा छलफल र सूचना संकलन सैम्बन्धी कार्य गरिएको। जसमा:
  - नेपाल खुद्रा किराना व्यापारी संघ
  - नेपाल खाद्य किराना व्यवसायी संघ

बजारमा खाद्य वस्तु आपूर्ति र उपलब्धतामा कुनै समस्या नरहेको। मूल्य वृद्धि नभएको र चाडपर्वमा समेत आपूर्तिमा समस्या नहुने जानकारी प्राप्त भएको।

- अण्डा तथा लेयर्स उत्पादक संघसंग छलफल गरी देहाय बमोजिम गर्ने सम्बन्धमा निर्णय गरिएको।
  - MRP अनिवार्य गर्ने।
  - उपभोग्य अवधि अनिवार्य गर्ने।
- नेपाल बोटल वाटर उद्योग महासंघसंग छलफल गरी बोटल, जार र ट्याङ्करको पानीका सम्बन्धमा रहेका गुनासोहरू सम्बन्धमा छलफल गरिएको।
- उपभोक्ता हितका क्षेत्रमा कार्य गर्ने विभिन्न संस्थाहरूसंग अन्तरक्रिया गरिएको।